मितिः२०८२-०९-२३ बैठक संख्याः८

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. आ.व.२०८२/०८३ को संशोधित बजेट तथा कार्यक्रम गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।
३. सियारी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धी प्रस्ताव गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।
४. लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२ सम्बन्धी प्रस्ताव गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।
५. सियारी गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यविधि, २०८२ सम्बन्धी प्रस्ताव गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।
६. सियारी गाउँपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्बन्धी प्रस्ताव गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने सम्बन्धमा ।
७. घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।
८. सर्वोच्च अदालतमा पेश गरेको आ.व.२०७९/०८० को कार्यपालिका बैठक रजिष्टर जेन-जी आन्दोलनका क्रममा जलेको सम्बन्धमा ।
९. वडा कार्यालयको स्वीकृत कार्यक्रम अनुसारको अवलोकन भ्रमण अनुमति सम्बन्धमा ।
१०. वडा नं ७ कनरीमा रहेको सटर भाडामा दिने सम्बन्धमा ।
११. गाउँपालिकाका मुद्दामा बहस पैरवी तथा लिखित जवाफ पेश गर्ने अधिवक्ताको मुद्दा मामिला खर्च सम्बन्धमा ।
१२. जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सम्बन्धमा ।
१३. फाइभ स्टार एग्रो प्रा.लि. ले रजिष्ट्रेसन दस्तुर छुटको लागि आवश्यक सिफारिसको लागि पेश गरेको निवेदन सम्बन्धमा ।
१४. भैरव पेट इन्डस्ट्रिज प्रा.लि. ले रजिष्ट्रेसन दस्तुर छुटको लागि आवश्यक सिफारिसको लागि पेश गरेको निवेदन सम्बन्धमा ।
१५. प्रदेश पूर्वाधार विकास प्राधिकरणको नदीजन्य निर्माण सामाग्रीका लागि आवश्यक सहयोग माग सम्बन्धी पत्र।
१६. सियारी-७ मा शवदाह गृह निर्माण योजना स्वीकृत सम्बन्धमा ।
१७.भेरिएशन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।
१८. सियारी माछा तथा कृषि महोत्सव-२०८२ सञ्चालन सम्बन्धमा ।

मितिः२०८२-०९-२३ बैठक संख्याः८

**निर्णयहरुः**

| **क्र.स.** | **निर्णयको संक्षिप्त बेहोरा** |
|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरी जानकारी प्राप्त भयो। साथै, निर्णय कार्यान्वयनको अवस्था राम्रै रहेको पाइयो। |
| २ | आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट संशोधनमा आवश्यक छलफल गरियो र संशोधित नीति तथा कार्यक्रम र बजेट स्वीकृतिको लागि गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने। |
| ३ | विधायन समितिबाट पेश हुन आएको "सियारी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को मस्यौदा उपर आवश्यक छलफल गरी स्वीकृत गरीयो। साथै, उक्त विधेयकको मस्यौदा पारित गर्नको लागि गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने जिम्मेवारी विधायन समितिका संयोजक श्री जनार्दन यादवज्यूलाई प्रदान गरियो। |
| ४ | सियारी गाउँपालिकाको "लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२" को मस्यौदा उपर आवश्यक छलफल गरी स्वीकृत गरीयो। साथै, उक्त विधेयकको मस्यौदालाई गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्नको लागि लेखा समितिका संयोजक श्री कृष्ण देवकोटाज्यूलाई जिम्मेवारी प्रदान गरियो। |
| ५ | सियारी गाउँपालिकाको "बेरुजु फछ्यौंट कार्यविधि, २०८२" को मस्यौदा उपर आवश्यक छलफल गरी स्वीकृत गरीयो। साथै, उक्त विधेयकको मस्यौदालाई गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्नको लागि लेखा समितिका संयोजक श्री कृष्ण देवकोटाज्यूलाई जिम्मेवारी प्रदान गरियो। |
| ६ | विधायन समितिबाट पेश हुन आएको "सियारी गाउँपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को मस्यौदा उपर आवश्यक छलफल गरी स्वीकृत गरीयो। साथै, उक्त विधेयकको मस्यौदा पारित गर्नको लागि गाउँसभाको १८ औँ अधिवेशनमा पेश गर्ने जिम्मेवारी विधायन समितिका संयोजक श्री जनार्दन यादवज्यूलाई प्रदान गरियो। |
| ७ | सियारी गाउँपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७८" मा आवश्यकता अनुसार संलग्न बमोजिमको विवरण संशोधन गर्ने। |
| ८ | सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा (अभियान फाँट ५ ख) को च.नं.३९१०, मुद्दा नं. ०७७-WO-०९१०, मितिः२०८२/०५/०३ को प्राप्त पत्रानुसार सियारी गाउँपालिकाको आ.व.२०७९/०८० को सम्वत् २०७९ साल जेठ ११ गतेदेखि २०८० असार २७ गतेसम्मको पाना थान २३८ को कार्यपालिका बैठकको सक्कल रजिष्टर माग भई आएको हुँदा २०८२/०५/१३ गते माग भए अनुसार सक्कल रजिष्टर उपलब्ध गराइएकोमा मितिः२०८२ भाद्र २३ र २४ गते जेन-जी आन्दोलनका क्रममा भएको आगजनीमा उक्त सक्कल रजिष्टरको मिसिल समेत जलेर नष्ट भएको बेहोरा सम्मानित सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखा (अभियान फाँट ५ ख) को च.नं.७४७८, मितिः२०८२/०९/०३ मार्फत जानकारी प्राप्त हुन आएकोले उक्त रजिष्टरमा टाँस भएका मितिः२०७९ जेठ ११ गतेदेखि २०८० असार २७ गतेसम्म भएका कार्यपालिका बैठक निर्णयका प्रतिलिपी निकाली अभिलेखीकरण सम्बन्धी कार्य गर्न प्रशासन शाखालाई जिम्मेवारी प्रदान गरियो। |
| ९ | सियारी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अवलोकन भ्रमण जाँदा कार्यालयको कार्य सम्पादनमा असर नपर्ने गरी कार्यपालिकाबाट स्वीकृत गरेर मात्र जानुपर्ने र ४ र ५ नं |

| | |
|---|---|
| | वडा कार्यालयबाट अवलोकन भ्रमणको लागि स्वीकृति माग भएकोले कार्यालयको कार्य सम्पादनमा असर नपर्ने गरी स्वीकृति प्रदान गर्ने । |
| १० | सियारी गाउँपालिका अन्तर्गतका वडा कार्यालयको स्वामित्वमा रहेका सटहरु भाडामा दिने सन्दर्भमा देहाय अनुसार गर्ने/गराउनेः<br>क. सियारी-७, कनरीमा रहेको सटर भाडामा उपलब्ध गराउनको लागि एउटा सटरको मासिक भाडा न्यूनतम रु.१०,००/ का दरले कायम गरी सूचना प्रकाशन गर्ने,<br>ख. सियारी-४, छपिया चोकामा रहेका सटर भाडामा उपलब्ध गराउनको लागि एउटा सटरको मासिक भाडा न्यूनतम रु.२५,००/ का दरले कायम गरी सूचना प्रकाशन गर्ने र पहिले सटर भाडामा लिई विस्थापित भएकालाई पहिलो प्राथमिकतामा राख्ने । |
| ११ | सियारी गाउँपालिकाका विभिन्न उत्प्रेषणयुक्त मुद्दामा कार्यालयको तर्फबाट बहस तथा लिखित जवाफ पेश गर्ने अधिवक्ताको लागि देहायको पारिश्रमिक कायम गरी भुक्तानी दिनेः<br>क. बहस बापतको रु.१७,०००/<br>ख. लिखित जवाफ पेश गरेको रु.१५,०००/ |
| १२ | सियारी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम “जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम” अन्तर्गत प्रत्येक वडाबाट १०/१० जनाको दरले ६८ वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई सम्बन्धित वडा कार्यालयबाट नामावली सिफारिस भई आए पश्चात पहिलो चरणमा माघ १ गते गुल्मी जिल्लाको रिडी तथा रुरुक्षेत्र धाम र दोस्रो चरणमा फाल्गुन दोस्रो हप्ता प्युठान जिल्लाको स्वर्गद्वारी तिर्थयात्रा गराई दुई चरणमा कार्यक्रम सम्पन्न गर्ने र सो को लागि आवश्यक सूचना प्रकाशन गर्ने । |
| १३ | रुपन्देही जिल्ला, साविक चिल्हिया गा.वि.स. हाल सियारी गाउँपालिका वडा नं १ मा रहेको परी फुड्स प्रा.लि.को नाममा दर्ता कायम रहेको कित्ता नं.८६८ को ०-३-१७.५ क्षेत्रफलको जग्गा र सियारी-१ बस्ने शिला पहारीको नाममा दर्ता कायम रहेको कित्ता नं.८०३, ८०५ र ८०७ को क्षेत्रफल क्रमशः ०-१-९.२५, ०-१-१०.७५, ०-६-० गरी जम्मा ०-१२-१७.५ विगाहा क्षेत्रफलका जग्गा फाइभ स्टार एग्रो प्रा.लि. ले जग्गा आफ्नो नाममा लिई उद्योग संचालन गर्नको लागि लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ मा व्यवस्था भए बमोजिम रजिष्ट्रेसन दस्तुर छुटको लागि आवश्यक सिफारिस माग भई आएकोले उक्त उद्योग उत्पादनमूलक उद्योग भएकोले लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१ को घ.विविध (३) मा व्यवस्था भए अनुरुप नियमानुसार सिफारिस प्रदान गर्ने । |
| १४ | रुपन्देही जिल्ला, साविक प.अमवा गा.वि.स. हाल सियारी गाउँपालिका वडा नं ७ मा रहेको परीको प्लास्टिक इन्डस्ट्रिज प्रा.लि.को नाममा दर्ता कायम रहेको नक्सा नं.४/ख, कित्ता नं.२८३, २८२, ११०९ र १८२० को क्षेत्रफल क्रमशः ०-४-१०, ०-२-५, ०-१-५ र ०-०-१७.७५ गरी जम्मा ०-८-१७.७५ विगाहा क्षेत्रफलका जग्गा भैरव पेट इन्डस्ट्रिज प्रा.लि. ले जग्गा आफ्नो नाममा लिई उद्योग संचालन गर्नको लागि लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ मा व्यवस्था भए बमोजिम रजिष्ट्रेसन दस्तुर छुटको लागि आवश्यक सिफारिस माग भई आएकोले उक्त उद्योग उत्पादनमूलक उद्योग भएकोले लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१ को घ.विविध (३) मा व्यवस्था भए अनुरुप नियमानुसार सिफारिस प्रदान गर्ने । |

| | |
|---|---|
| १५ | लुम्बिनी प्रदेश सरकार, प्रदेश पूर्वाधार विकास प्राधिकरणको च.नं.LPH-०२, मितिः२०८२/०९/१६ गतेको नदीजन्य निर्माण सामाग्रीका लागि आवश्यक सहयोग सम्बन्धमा प्राप्त पत्रानुसार प्रदेश गौरवको आयोजना निर्माणको लागि सियारी गाउँपालिका अन्तर्गत पर्ने दानव नदीको खैरहनी डी नाकाबाट नियमानुसार नदीजन्य पदार्थ उपलब्ध गराउने र दानव नदीको कचकचहवा घाटको सन्दर्भमा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएमा आवश्यक कार्य गर्ने । |
| १६ | सियारी-७ मा शवदाह गृह निर्माणको लागि बहुवर्षीय योजना स्वीकृत गरी आवश्यक टेण्डर प्रकृया अगाडी बढाउने । |
| १७ | सियारी गाउँपालिकाको ठेक्का नं.02/NCB/WORKS/SRM/2082/83 मैनहीया देखि चारघेरवा जाने बाटोमा कल्भर्ट निर्माण, सियारी-२, मैनहीया (प्रदेश सशर्त योजना) योजना सम्बन्धी Variation Order स्वीकृतिको लागि प्राविधिक शाखाबाट मितिः२०८२/०९/१७ गते पेश भएको टिप्पणी आदेश बमोजिम Variation Order स्वीकृत गर्ने र आदेश जारी गर्दा लाग्ने थप रकम रु.२७६२३२.५०/ सोही शिर्षकको योजनामा विनियोजित रकमबाट बेहोर्ने निर्णय गरियो । |
| १८ | सियारी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम मिति २०८२।०९।०८ गतेको निर्णयानुसार २०८२ साल माघ ३ गते देखि संचालन गर्ने भनिएकोमा मेला महोत्वसको तयारी लगायतका विविध कारणले उक्त समयमा संचालन गर्न नसकिने देखिएकोले मिति २०८२।१०।१९ गते देखि २०८२।१०।२५ गते सम्म सियारी माछा तथा कृषि महोत्सव एवं साँस्कृतिक कार्यक्रम संचालन गर्ने । मेला संचालन गर्दा गाउँपालिकाको आन्तरिक आम्दानी न्यूनतम रु २ लाख ५० हजार कायम गरी मेलाको सम्पूर्ण व्यवस्थापकीय कार्य गर्न मेला महोत्वस आयोजना गर्ने फर्म मार्फत गर्ने गरी कम्तिमा ७ (सात) दिनको सूचना प्रकाशन गरी छनौट भएको फर्मसँग सम्झौता गरी कार्यक्रम संचालन गर्ने । |